| | |
|---|---|
| **पाठ्यांश शीर्षक : साधारण नेपाली -२** | पाठ्यांश प्रकृति : सैद्धान्तिक |
| पाठ्यांश सङ्केत : नेपा. शि. ४२१ | क्रेडिट आवर : ३ |
| तह : बि.एड. | शिक्षण घण्टा: ४८ |
| सेमेस्टर : दोस्रो | |

---

## १. पाठ्यांशको परिचय

यस पाठ्यांशले नेपाली भाषामा विशिष्ट बोध, अभिव्यक्ति र रचना कौशलको विकास गर्ने लक्ष्य राखेको छ । यो पाठ्यांश जम्मा पाँच एकाइमा विभाजित छ । पहिलो एकाइमा वाक्यतŒEव, वाक्यान्तरण र संसक्ति; दोस्रो एकाइमा सूचना र तथ्यको रूपान्तर; तेस्रो एकाइमा प्रयोजनपरक बोध; चौथो एकाइमा लिखित अभिव्यक्ति र पाँचौ एकाइमा साहित्यिक कृतिको पठन, आस्वादन र प्रतिक्रियात्मक लेखन जस्ता विषयवस्तुहरू समावेश गरिएका छन् । त्यसैले यसमा वाक्यतŒEव, वाक्यान्तरण र संसक्ति, सूचना र तथ्यको रूपान्तर, प्रयोजनपरक बोध तथा विभिन्न प्रकारका लिखित अभिव्यक्तिका साथै निर्धारित साहित्यिक कृतिहरूको पठन, आस्वादन र अभिव्यक्ति क्षमताको विकास गराउने अपेक्षा राखिएको छ ।

## २. साधारण उद्देश्यहरू

यस पाठ्यांशका साधारण उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- निर्धारित वाक्यतŒEवका आधारमा स्वतन्त्र र निर्देशित रचना लेख्न सक्षम तुल्याउने,
- शब्दहरूका व्याकरणिक र कोशीय संसक्ति तथा अन्तर्वाक्यात्मक अन्विति पत्ता लगाउन प्रोत्साहित गराउने,
- अनुच्छेदका सूचना/तथ्यलाई तालिका र चित्राकृतिमा रूपान्तर गर्न सबल बनाउने,
- निर्धारित गद्यांशबाट प्रयोजनपरक बोध प्रश्नको उत्तर लेखनको अभ्यासमा दक्ष तुल्याउने,
- विभिन्न प्रकारका लिखित अभिव्यक्ति सिर्जनामा सक्रियता बढाउने,
- निर्दिष्ट साहित्यिक विधाको सरसरती पठन, आस्वादन र प्रतिक्रिया लेखनको अभ्यास गराउने ।

## ३. विशिष्ट उद्देश्य र पाठ्यवस्तु

| विशिष्ट उद्देश्य | पाठ्यवस्तु |
|---|---|
| • वाक्यतŒEव अनुरूप वर्णनात्मक प्रकृतिका स्वतन्त्र अनुच्छेद रचना गर्न,<br>• निर्देशित वाक्यतŒEव अनुरुप वाक्यान्तरण गर्न,<br>• निर्देशित संरचनाअनुसार वाक्य संश्लेषण र विश्लेषण गर्न,<br>• शब्दहरूका व्याकरणिक र कोशीय संसक्ति पहिल्याउन,<br>• अन्तर्वाक्यात्मक अर्थान्विति पत्ता लगाउन । | **एकाइ एक : वाक्यतŒEव, वाक्यान्तरण र संसक्ति (१२)**<br>१.१ काल, पक्ष, भाव, वाच्य र करणका आधारमा स्वतन्त्र रचना<br>१.२ काल, पक्ष, भाव, वाच्य, प्रेरणार्थ, करण र उक्ति परिवर्तनका आधारमा वाक्यान्तरण<br>१.३ वाक्य संश्लेषण र विश्लेषण<br>१.४ व्याकरणिक संसक्ति<br>१.५ कोशीय संसक्ति |
| • अनुच्छेदका सूचना र तथ्यलाई वृत्ताकार, स्तम्भ, रेखाचित्र र आरेखमा रूपान्तर गर्न । | **एकाइ दुई : सूचना र तथ्यको रूपान्तर (६)**<br>२.१ अनुच्छेदमा प्रस्तुत सूचना र तथ्यलाई तालिका वा चित्राकृति (वृत्ताकार, स्तम्भ) मा रूपान्तर<br>२.२ अनुच्छेदमा प्रस्तुत सूचना र तथ्यलाई रेखाचित्र र आरेखमा रूपान्तर |

| | |
|---|---|
| • नेपाली वाङ्मयका विभिन्न विषयक्षेत्रसँग सम्बन्धित बोधात्मक प्रश्नको उत्तर दिन ,<br>• विभिन्न क्षेत्रसँग सम्बन्धित सामान्य तथा विशिष्ट दृष्टांश र अदृष्टांशमा आधारित तथ्यपरक, निष्कर्षपरक, अनुमानपरक, तुलनात्मक, व्याख्यात्मक, कार्यकारणात्मक, बोध प्रश्नको उत्तर लेखन गर्न । | **एकाइ तिन : प्रयोजनपरक बोध** (११)<br>३.१ पठनबोध<br>३.१.१ नेपाली वाङ्मयका विविध क्षेत्र र विषयसँग सम्बन्धित सामान्य र विशिष्ट बोध प्रश्नहरूको उत्तर लेखन र प्रस्तुति<br>• भाषा,<br>• साहित्य,<br>• शिक्षा,<br>• भूगोल,<br>• कृषि,<br>• अर्थवाणिज्य,<br>• सूचना तथा सञ्चार,<br>• मनोविज्ञान,<br>• समाज,<br>• संस्कृति,<br>• दर्शन,<br>• विज्ञान तथा प्रविधि<br>• स्वास्थ्य<br>• वातावरण,<br>• कानुन,<br>• खेलकुद<br>३.१.२ सामान्य तथा विशिष्ट प्रकृतिका दृष्टांश र अदृष्टांशमा आधारित तथ्यपरक, निष्कर्षपरक, अनुमानपरक, तुलनात्मक, व्याख्यात्मक, कार्यकारणात्मक, बोध प्रश्नको उत्तर लेखन र प्रस्तुति |
| • निर्देशित र स्वतन्त्र अनुच्छेद रचना गर्न,<br>• आत्मपरक र वस्तुपरक निबन्ध सिर्जना गर्न,<br>• घटना, समारोह र निरीक्षण भ्रमणमा आधारित प्रतिवेदन लेख्न । | **एकाइ चार : लिखित अभिव्यक्ति** (८)<br>४.१ निर्देशित र स्वतन्त्र अनुच्छेद रचना<br>४.२ आत्मपरक र वस्तुपरक निबन्ध लेखन<br>४.३ घटना, समारोह र निरीक्षण भ्रमणमा आधारित प्रतिवेदन लेखन |
| • निर्धारित साहित्यिक कृतिको सरसर्ती अध्ययन गरी प्रतिक्रियात्मक टिप्पणी लेख्न । | **एकाइ पाँच : साहित्यिक कृतिको पठन, आस्वादन र प्रतिक्रियात्मक लेखन** (११)<br>५.१ कथा<br>५.१.१ रमेश विकल : मेरी सानी भतिजी प्रतिमा<br>५.१.२ इस्माली : आज शनिवार<br>५.२ कविता /गीत/गजल<br>५.२.१ भूपि शेरचन : मैनवत्तीको शिखा<br>५.२.२ हरिभक्त कटुवाल : रहर<br>५.२.३ दुर्गालाल श्रेष्ठ : फूलको आँखामा ......<br>५.३ निबन्ध :<br>५.३.१ लक्ष्मीप्रसाद देवकोटा : शिक्षा |

| | |
|---|---|
| | ५.३.२ शारदा शर्मा : सुखसत्ता<br>५.३.३ युवराज नयाँघरे : भेटौंला कर्फ्युमा<br>५.४ उपन्यास<br>५.४.१ केशवराज पिँडाली : बाँच्ने एउटा जिन्दगी |

## ४. प्रायोगिक क्रियाकलाप र शिक्षण प्रविधि

प्रायोगिक क्रियाकलाप र शिक्षण प्रविधिलाई दुई समूहमा विभाजन गरिएको छ : पहिलोमा साधारण शिक्षण प्रविधि र दोस्रोमा विशिष्ट शिक्षण प्रविधि ।

### ४.१ साधारण शिक्षण प्रविधि

प्रत्येक एकाइमा आवश्यकताअनुसार शिक्षकले सम्बन्धित विषयवस्तुको प्रस्तुति, व्याख्यान, छलफल, प्रश्नोत्तर गराई विद्यार्थीहरूलाई तत्सम्बन्धी अभ्यास गर्न लगाइने छ ।

### ४.२ विशिष्ट शिक्षण प्रविधि

| एकाइ | क्रियाकलाप |
|---|---|
| **एक** | • व्यक्तिगत रूपमा काल, पक्ष, भाव, वाच्य, करणका आधारमा स्वतन्त्र रचना तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>• जोडी समूहमा विभिन्न प्रकारका वाक्यहरू दिई संश्लेषण गर्न र संश्लेषित वाक्यहरूलाई विश्लेषण गर्न लगाउने,<br>• समूहअनुसार पाठ्यसामग्रीमा आधारित भई व्याकरणिक संसक्ति र कोशीय संसक्तिको उदाहरण खोजी कक्षामा प्रस्तुत गर्न लगाउने । |
| **दुई** | • जोडी समूहका रूपमा पाठ्य सामग्री हेरी विभिन्न प्रकारका सूचना र तथ्यलाई वृत्ताकार, स्तम्भ, आरेख र रेखाचित्रमा प्रस्तुत गर्न लगाउने, |
| **तिन** | • समूह अनुसार विभिन्न विषय क्षेत्रसँग सम्बन्धित सामग्रीमा आधारित भई बोध प्रश्नको उत्तर लेख्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने |
| **चार** | (क) निर्देशनअनुसार स्वतन्त्र र निर्दशित प्रकृतिका अनुच्छेद वैयक्तिक रूपमा लेखन गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>(ख) दिइएको शीर्षकमा संरचनाअनुसार समूहगत प्रतिवेदन लेखन गराई कक्षामा प्रस्तुत गर्न लगाउने |
| **पाँच** | • निर्धारित साहित्यिक कृतिको पठन, आस्वादन र प्रतिक्रियात्मक लेखनका लागि व्यक्तिगत वा सामूहिक अभ्यास गर्न लगाउने । |

## ५. मूल्याङ्कन प्रक्रिया

मूल्याङ्कन दुई प्रकारले गरिने छ :

(१) **आन्तरिक मूल्याङ्कन** : यसका निम्ति चालिस प्रतिशत अङ्क निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कन कक्षा शिक्षणसँगै गरिने छ । यसको वितरण निम्नानुसार रहेको छ :

**आन्तरिक मूल्याङ्कन (४० प्रतिशत)**

| क्रियाकलाप | अङ्क |
|---|---|
| • उपस्थिति | ५ |
| • सिकाइ क्रियाकलापमा सहभागिता | ५ |
| • पहिलो आन्तरिक परीक्षा | १० |
| • दोस्रो आन्तरिक परीक्षा | १० |
| • तेस्रो आन्तरिक परीक्षा | १० |
| **जम्मा** | **४०** |

(२) **बाह्य मूल्याङ्कन**: यसका निम्ति साठी प्रतिशत अङ्क निर्धारण गरिएको छ । बाह्य मूल्याङ्कन डिन कार्यालयले निर्धारण गरेको सेमेस्टर प्रणालीअनुसार हुने छ । यसका लागि निम्नानुसारको प्रश्नका लागि निम्नानुसारको अङ्क विभाजन गरिएको छ ।

## बाह्य परीक्षा (६० प्रतिशत)

| प्रश्नको किसिम | अङ्क |
|---|---|
| • बहु बैकल्पिक प्रश्न (१०×१ =१०) | १० |
| • संक्षिप्त उत्तरात्मक प्रश्न (६× ५ = ३०) | ३० |
| • विवेचनात्मक प्रश्न (२×१० = २०) | २० |
| जम्मा | ६० |

### पाठ्यपुस्तक

गौतम, देवीप्रसाद, भण्डारी, पारसमणि र ओझा, रामनाथ (२०७०), *स्नातक नेपाली,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार (एकाइ १-४ का लागि) ।

शर्मा, शारदा (२०६३), *अग्निस्पर्श,* काठमाडौं : एकता प्रकाशन । (एकाइ ५ का लागि)

शेरचन, भूपि (२०६५), *घुम्ने मेचमाथि अन्धो मान्छे,* ललितपुर : साझा प्रकाशन । (एकाइ ५ का लागि)

श्रेष्ठ, दुर्गालाल (२०६७), *सन्तको छाता,* काठमाडौं : एकता प्रकाशन । (एकाइ ५ का लागि)

### सन्दभ सामग्री

इस्माली (२०५८), *घाम घामजस्तो छैन, ललित*पुर : साझा प्रकाशन । (एकाइ ५ का लागि)

देवकोटा, लक्ष्मीप्रसाद (२०६८), *लक्ष्मी निबन्ध सङ्ग्रह,* ललितपुर : साझा प्रकाशन । (एकाइ ५ का लागि)

नयाँघरे, युवराज (२०६६), *एकहातको ताली,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार । (एकाइ ५ का लागि)

पिँडाली, केशवराज (२०६५), *बाँच्ने एउटा जिन्दगी,* ललितपुर : साझा प्रकाशन । (एकाइ ५ का लागि) विकल, रमेश (२०२५), *एउटा बूढो भ्वाइलेन आशावरीको धूनमा,* ललितपुर : साझा प्रकाशन । (एकाइ ५ का लागि)